# अनुसन्धान व्यवस्थापन कार्यविधी

त्रिभुवन विश्वविद्यालय

चिकित्शा शास्त्र अध्ययन संस्थान

बीरगंज नर्सिङ क्याम्पस

बीरगंज, पर्सा

## अनुसन्धान व्यवस्थापन कार्यक्रम कार्यविधी २०८२

**परिचय**

विश्वविद्यालय अनुदान आयोगको परिवेशलाई आत्मसात गर्दै दिगो विकासको लक्ष्य पूरा गर्न बजारोन्मुख र दक्ष जनशक्ति, विकास गराउन आजको प्राथमिकता हो । यो कार्यविधी विरगंज नर्सिङ क्याम्पस, बीरगंज पर्साको अनुसन्धान सम्बन्धी प्रस्ताव, निति, नियम, तथा सञ्चालनसंग सम्बन्धित छ । यो कार्यविधी क्याम्पसको आफ्नै निति अनुरुप तयार पारिएको हो । यो कार्यविधि क्याम्पसमा सञ्चालित अनुसन्धान सम्बन्धी कार्यलाई व्यवस्थापन गर्ने उद्धेश्य राखिएको हो । यसले अनुसन्धानको व्यक्तिगत तथा संस्थागत सहभागिताका लागि निति निर्माणमा सहयोग पुरयाउने अपेक्षा छ साथै अनुसन्धान व्यवस्थापन कार्यविधी तथा उपयुक्त निति, नियम र कार्य परिधीको विस्तृत विवरण प्रस्तुत गरेको छ । यस अनुसन्धान व्यवस्थापन कार्यविधी मार्फत क्याम्पसको अनुसन्धानात्मक कार्य सम्पादन गर्न गराउन क्याम्पस प्रशासनले अनुसन्धान व्यवस्थापन इकाई (Research Management Cell) गठन गर्नेछ । अनुसन्धान ईकाइले अनुसन्धानात्मक कार्यहरु नियम बमोजिम व्यवस्था गर्नेछ । यसका लागि विद्यार्थीका अनुसन्धान तथा शिक्षक कर्मचारीहरुको लघु अनुसन्धान, अनुसन्धान मुलक संस्कृतिको विकास गरी क्याम्पस सञ्चालन गर्न, अध्ययन-अध्यापन र अनुसन्धानको लागि अनुकुल वातावारण निर्माण गर्नु जस्ता चुनौतिपूर्ण कार्यहरु रहेका छन् । जसमा क्याम्पसको शिक्षण अनुसन्धान कार्यमा सहयोग गर्ने विधी र ज्ञानलाई प्राथमिकता दिई सहजिकरण गर्ने अपेक्षा राखिएको छ । क्याम्पसमा सञ्चालन हुने विभिन्न अनुसन्धानात्मक कार्यहरु शिक्षक कर्मचारीहरुको विद्वताबृति आदिलाई व्यवस्थित रुपमा सञ्चालन गर्न क्याम्पस सञ्चालन नियमावलीको अधिनमा रहने गरी यो कार्यविधी तयार गरिएको छ ।

## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधीको नाम अनुसन्धान व्यवस्थापन कार्यविधी २०८१ रहेको छ ।

ख) यो कार्यविधी क्याम्पस प्रशासन कार्य समितिले पारित गरेको मिति देखि लागु हुनेछ ।

ग) अनुसन्धान व्यवस्थापन कार्यविधी २०८१ अनुसार गठित अनुसन्धान व्यवस्थापन इकाईलाई अंग्रेजीमा Research Management Cell र छोटकरीमा RMC पनि भनिनेछ ।

### १.२ परिभाषा: विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) समिति भन्नाले यस कार्यविधी अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

ख) अनुसन्धान भन्नाले विरगंज नर्सिङ क्याम्पस, विरगंज, पर्सामा गठित अनुसन्धान व्यवस्थापन ईकाईद्धारा सम्पादन गरिने अनुसन्धानसंग जोडिएका तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानात्मक खोज र त्यसको प्रकाशन समेतलाई सम्झनु पर्दछ ।

ग) कार्यविधी भन्नाले अनुसन्धान कार्यलाई व्यवस्थित गर्न तयार पारी लागू गरिएको अनुसन्धान व्यवस्थापन कार्यविधी २०८१ सम्झनु पर्दछ ।

घ) व्यवस्थापन (Management) भन्नाले समुचित कार्य सम्पादनलाई गर्ने भन्ने बुझनु पर्दछ।

ङ) ईकाई (Cell) भन्नाले क्याम्पसमा गठित ईकाई भन्ने बुझनु पर्दछ ।

च) अनुसन्धान व्यवस्थापन ईकाई भन्नाले अनुसन्धान व्यवस्थापन कार्यविधी २०८१ अनुसार अनुसन्धानात्मक कार्य गर्ने गराउने प्रयोजनका निम्ती गठित अनुसन्धान व्यवस्थापन ईकाईलाई सम्झनु पर्दछ ।

छ) "कार्य समिति" भन्नाले अनुसन्धान व्यवस्थापन कार्यविधी २०८१ अनुसार गठित ईकाईका अध्यक्ष, सचिव लगायतका सम्पुर्ण सदस्यहरुलाई सम्झनु पर्दछ ।

ज) "अध्यक्ष" भन्नाले क्याम्पसको क्यामपस प्रमुखलाई सम्झनु पर्दछ ।

झ) "संयोजक" भन्नाले अनुसन्धानात्मक कार्यको नेतृत्व गर्नको लागि अनुसन्धान व्यवस्थापन जिम्मेवारी लिने ईकाईको प्रमुखलाई जनाउँदछ ।

ञ) "सदस्य" भन्नाले अनुसन्धान ... को कार्य समितिमा रहेर काम गर्ने सदस्यलाई जनाउँदछ ।

ट) "क्याम्पस" भन्नाले विरगंज नर्सिङ क्याम्पसलाई जनाउँदछ ।

ठ) "शिक्षक" भन्नाले विरगंज नर्सिङ क्याम्पसमा अध्यापन गर्नु हुने करार तथा स्थायी शिक्षकलाई जनाउँदछ।

ड) "कर्मचारी" भन्नाले विरगंज नर्सिङ क्याम्पसमा कार्यरत कर्मचारीलाई जनाउँदछ ।

ढ) "विद्यार्थी" भन्नाले विरगंज नर्सिङ क्याम्पसमा अध्ययन गर्ने छात्रछात्रालाई बुझ्नु पर्नेछ ।

ण) "लघु अनुसन्धान" भन्नाले क्याम्पसमा सञ्चालित कार्यक्रम, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाई, सिकाइका उपलब्धी, शैक्षिक,व्यवसायिक, सामाजिक, पेशा, क्लिनिकल प्रस्ताव आदि विषयमा समुहगत रुपमा ६ महिना भित्र गरिने अनुसन्धानात्मक कार्य भन्ने बुझ्नुपर्छ ।

त) "बजेट" भन्नाले क्याम्पस प्रशासनले अनुसन्धान व्यवस्थापन समितिलाई सञ्चालन गर्न दिएको आय व्यय विवरण सम्झनु पर्छ ।

थ) "क्याम्पस प्रमुख" भन्नाले विरगंज नर्सिङ क्याम्पसको क्याम्पस प्रमुखलाई सम्झनु पर्छ ।

द) "विभागिय प्रमुख" भन्नाले विरगंज नर्सिङ क्याम्पसको शैक्षिक विभागको प्रमुखलाई जानउँदछ ।

### १.३ उद्देश्य

अनुसन्धानको उद्देश्य निम्न लिखित रहनेछ ।

क) अनुसन्धानासंग सम्बन्धित कार्यहरुको लागि उच्च शिक्षामा आवद्ध संघ- संस्थासंग समन्वय गर्ने ।

ख) अनुसन्धानसंग सम्बन्धित बहुआयामिक अनुसन्धान निति अन्तर्गत विभिन्न निति निर्माण गरी संस्थाका अनुसंधान संस्कारलाई व्यक्तिगत तथा सामुहिक कार्य पद्दतिमा विकास गर्ने।

ग) क्याम्पसमा कार्यरत अनुसन्धान गर्न ईच्छुक शिक्षकलाई शोध कार्यमा प्रेरित गर्ने ।

घ) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई शोधपत्रको लागि प्रेरित गर्ने ।

ङ) क्याम्पसको शिक्षण अनुसन्धान कार्यमा सहयोग पुरयाउन सक्ने किसिमको शोध पत्रलाई प्राथमिकता दिने ।

च) क्याम्पसको शिक्षक तथा विद्यार्थीहरुबाट गरिएका अनुसन्धानात्मक लेख तथा कृतिलाई प्रकाशन गर्ने ।

छ) वैज्ञानिक विधी, निति नियम, सामाजिक मुल्य - मान्यता, पाठ्यक्रम र पाठ्यवस्तु सम्बन्धी खोज गर्ने ।

ज) विभिन्न अनुसन्धान केन्द्रसंग सम्बन्ध र सम्पर्क स्थापना गर्ने ।

झ) संस्थाहरुमा हुने अनुसन्धानमुलक तालिम, गोष्ठी, र सम्मेलनहरुमा क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई सहभागी गराउने ।

ञ) दक्ष अनुसन्धान शिक्षण जनशक्ति विकास गर्ने ।

ट) क्यामपसको आफ्नै Journal Publication तयार गर्ने ।

## १.४ अनुसन्धान रणनिती

क) अनुसन्धानमा आधारित विभिन्न क्रियाकलापहरुको वार्षिक योजना निर्माण गर्ने ।

ख) Evidenced Based Education लाई प्रोत्साहन गर्नको लागि शिक्षकले अनुसन्धान गर्ने र गराउने ।

ग) छात्रछात्रारुलाई अनुसन्धान कार्यमा क्रियाशिल तुल्याउने ।

घ) अनुसन्धानको लागि तालिम दिन सक्ने दक्ष जनशक्तिको विकास गर्ने ।

ङ) क्याम्पसमा भएका अनुसन्धान खोजलाई नियमित रुपमा जर्नलमा प्रकाशन गर्न प्रस्ताव गर्ने।

च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सहकार्यात्मक (Collaborative) अनुसन्धान गर्ने।

छ) आर्थिक अनुदान सहितका अनुसन्धान परियोजना सञ्चालन गर्ने र गराउनका लागि श्रोतको पहिचान गरी शिक्षक तथा कर्मचारीहरुलाई सुचित गराउने ।

## परिच्छेद २

### २.१ अनुसन्धान प्रवर्दन (Research Production) सम्बन्धी व्यवस्था

क) अनुसन्धान गर्नका लागि नियमित रुपमा प्रति लघु अनुसन्धान रु.५०,०००।– (अक्षरेपी रु. पचास हजार) अनुसन्धान खर्चमा सिफारिस गरिनेछ ।

ख) अनुसन्धान कार्यको लागि सम्बन्धित शिक्षक तथा कर्मचारीहरुबाट पेश भई प्राप्त भएको अनुसन्धान मध्येबाट छनौट भएको ४ वटा अनुसन्धान कर्तालाई योग्यता क्रम अनुसार अनुसन्धान कार्यका लागि सिफारिस गरिनेछ ।

ग) स्नातक तहमा अध्यनरत विद्यार्थीहरु मध्येबाट प्रति अनुसन्धान खर्च रु.५,०००।– (अक्षरेपी रु. पाँच हजार) उत्कृष्ट २/२ जना विद्यार्थीहरुलाई अनुसन्धानका लागि आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस गरिनेछ साथै स्नाकोत्तर तहको विधार्थीहरु मध्येबाट प्रतेक विभागको उत्कृस्ट एकजनालाई प्रति अनुसन्धान खर्च रु. १०,०००।–(अक्षरेपी रु. दश हजार) अनुसन्धानका लागि आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस गरिनेछ ।

घ) शिक्षकले लघु अनुसन्धानको प्रस्तावना पारित तथा पेश गरे पश्चात अनुसन्धान कर्तालाई ५0% रकम स्वरुप उपलब्ध गराउन सिफारिस गर्ने र अन्तिम प्रतिवेदन बुझाएपछि ४०% रकम उपलब्ध गराउने र बाँकी १०% रकम रिर्पोट प्रकाशन भएपछि बुझाउने गरी सिफारिस गरिनेछ ।

ङ) अनुसन्धानकर्ताले अनुसन्धान पूरा नगरी विचैमा छाडेमा वा निजले तोकिएको समयमा अनुसन्धान पुरा गर्न नसकेको खण्डमा उक्त रकम क्याम्पसलाई नै फिर्ता गर्नु पर्नेछ ।

च) क्याम्पसका शिक्षक र कर्मचारीहरुद्धारा आएको अनुसन्धानलाई उच्च प्रथमिकता दिई जर्नलमा प्रकाशन गर्न प्रोत्साहन गर्नेछ।

परिच्छेद ३

## अनुसन्धान व्यवस्थापन ईकाई

### ३.१ अनुसन्धान व्यवस्थापन ईकाई समितिको गठन र चयन

क) यस विरगंज नर्सिङ क्याम्पसमा अनुसन्धान कार्यमा संलग्न तथा अनुसन्धान कार्य प्रति क्रियाशिल सक्रिय शिक्षकहरु मध्येबाट ५ जनाको एउटा कार्य समिति क्याम्पस प्रमुखको सिफारिसमा चयन गरिनेछ ।

- अध्यक्ष (क्याम्पस प्रमुख )– १,
- संयोजक – १, र
- सदस्य रहनेछ ३

ख) यसको कार्यकाल २ वर्षको हुनेछ ।

ग) अध्यक्ष वा संरक्षक भनेर क्याम्पसका क्याम्पस प्रमुखलाई दिईनेछ ।

घ) अनुसन्धान कार्यमा शिक्षक जसले कम्तिमा ३ वटा articles, Peer Reviewed Journal मा प्रकाशन गरेको शिक्षकहरु मध्यबाट RMC को संयोजकका लागि क्याम्पस प्रमुखको सिफारिसमा चयन गरिनेछ ।

ङ) कम्तिमा एउटा article Peer Reviewed Journal मा प्रकाशन गरेको शिक्षकहरु मध्यबाट RMC को सदस्यको लागि नियुक्ति गर्दा क्याम्पस प्रमुखको सिफारिसमा चयन गरिनेछ ।

च) कार्यकाल समाप्ति भएपछि पुनः संयोजक सहित सदस्यहरु अर्को कार्यकालका लागि पुनः नियुक्ति वा घ, ङ, च अनुरुप ईकाई समिति गठन गरिनेछ ।

छ) अनुसन्धान व्यवस्थापन ईकाईका अध्यक्षले सन्तोषजनक कार्य सम्पादन गर्न नसकेको खण्डमा कार्य समिति भंग गर्नु अघि काम गर्न नसक्नुका बारे राय राख्ने र अध्यक्ष र कार्य समितिका पदाधिकारीले समय मागेमा बढीमा ३ महिनाको समयावधी उपलब्ध गराइनेछ ।

ज) अनुसन्धान व्यवस्थापन ईकाईको सन्तोषजनक कार्य सम्पादन गर्न नसकेको ठहरिएमा अध्यक्षले उक्त कार्य समिति भंग गरी पुन घ,ङ र च अनुसार ईकाई समिति गठन गरिनेछ ।

## ३.२ अनुसन्धान व्यवस्थापन ईकाई (RMC) का काम, कर्तव्य र अधिकारहरु

क) अनुसन्धानसंग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरुको वार्षिक योजना तयार पारी क्याम्पस प्रशासनमा पेश गर्ने र सो को कार्यान्वयनमा आवश्यक समन्वय गर्ने ।

ख) क्याम्पसमा हुने अनुसन्धान तालिम अभिमुखिकरण, परार्मश सेवा, सम्मेलन, गोष्ठीको लागि समन्वय गर्ने ।

ग) शैक्षिक तथा अनुसन्धान सम्बन्धी सम्मेलन, गोष्ठी, तालिम आदि सञ्चालन गर्ने

घ) त्रि.वि. बाट निर्धारित अनुसन्धान निति अनुसार आ-आफ्नो उद्देश्यअनुरुप विभिन्न विषयगत क्षेत्रहरुमा अनुसन्धान गर्नु र गराउनु ।

ङ) क्याम्पसको अनुसन्धानात्मक जर्नललाई Index जर्नलको रुपमा विकास गरी नियमित रुपमा प्रकाशित गर्ने ।

च) लघु अनुसन्धान क्याम्पस प्रशासनको समन्वयमा संचालन गर्ने ।

छ) क्याम्पसमा अनुसन्धान गर्न चाहने अनुसंधान कर्ताहरुलाई Proposal approval गरी सकेपछि अनुसन्धानको लागि सहमति दिने ।

ज) क्याम्पस प्रमुखको सल्लाह र निर्देशन अनुसारको अनुसंधानसंगको कार्य गराउने ।

झ) शिक्षक, कमचारीहरुलाई Seminar, Conference वा Workshop आदिहरुमा सहभागी हुनको लागि उत्प्रेरित गर्ने र आवश्यक सहयोगको लागि क्याम्पस प्रमुख र प्रशासन प्रमुखसंग छलफल गरी सिफारिस गरिने ।

ञ) मुल्यांकन समितिबाट Grant Evaluation Criteria को आधारमा मुल्याङ्कन गराई प्रस्तावित अनुसन्धानहरुलाई अनुसन्धानको लागि सहमति दिने ।

ट) RMC ले सम्पूर्ण किसिमका अनुसन्धानका लागि अनुसन्धान प्रस्तावना माग गर्ने ।

ठ) आफ्नै Ethical Review Committee को लागि त्रि.वि. संग पहल गर्ने ।

## ३.३ अध्यक्षको काम, कर्तव्य र अधिकार

क) अनुसन्धान इकाईको नेतृत्व गर्ने ।

ख) ३.२ मा उल्लेखित कार्यहरु गर्ने गराउने।

ग) ३ महिनामा कम्तिमा १ पटक कार्य समितिको बैठक बसे।

घ) क्याम्पस प्रशासन समक्ष समन्वय गरी तालिम र गोष्टीहरु संचालन गर्ने ।

## ३.४ संयोजकको काम, कर्तव्य र अधिकार

क) अध्यक्षको निर्देशन अनुसार काय गर्ने।

ख) ३.२ दफामा उल्लेखित कार्यहरु गर्ने।

ग) एकाईको बैठक तथा तालिम गोष्ठीहरुको Meeting माइनट गर्ने ।

## ३.५ सदस्यको काम, कर्तव्य र अधिकार

क) ३.२ दफामा उल्लेखित कार्यहरु गर्न सहयोग गर्ने।

ख) बैठकमा उपस्थित भई राय विचार विमर्श दिने।

ग) बैठकको निर्णयहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

परिच्छेद ४

## विविध

### ४.१ अनुसन्धान समिति गठन सम्बन्धी व्यवस्था

क) RMC ले विभिन्न अनुसन्धान क्षेत्रमा लागेका प्रध्यापकहरुको प्रत्क्षय सहभागितामा एउटा मुल्याङ्कन समिति बनाउन सक्नेछ ।

ख) यसले क्याम्पसका विद्यार्थी तथा शिक्षकहरुद्धारा तयार पारिएका अनुसन्धनात्मक लघु अनुसन्धान, विद्यार्थीको अनुसन्धानको मुल्याङ्कन गर्न सक्नेछ ।

ग) अनुसन्धान समितिमा अनुसन्धान विज्ञ, सदस्य सहित विभिन्न विभागबाट पर्ने गरी बनाउन सक्नेछ ।

घ) अनुसन्धान समितिमा अन्तराष्ट्रिय प्राध्यापकहरुको सहभागितामा अनुसन्धानको मुल्याङ्कन समिति बनाउन सक्नेछ ।

### ४.२ अनुसन्धानात्मक लेखको प्रमाणिकरण सम्बन्धी व्यवस्था

क) अनुसन्धानात्मक लेखहरुको प्रमाणिकरणका लागि हरेक विषयगत कम्तिमा दुई जनालाई पढाईनेछ ।

ख) विषय विज्ञबाट प्राप्त सुझावलाई समावेश गरेपछि मात्र लेख प्रकाशन गर्न योग्य मानिनेछ ।

ग) विषय विज्ञलाई चलन चल्ती अनुसार प्रति लेख एकमुष्ठ पारीश्रमिक रकम उपलब्ध गराईनेछ।

### ४.३. लघु अनुसन्धान सम्बन्धी व्यवस्था

४.३.१. लघु अनुसन्धान सम्बन्धी कार्यक्रमको रकम र प्रमुख शर्तहरु तलको तालिका अनुसार हुनेछ ।

| क्र.सं. | कार्यक्रम लघु अनुसन्धान | [illegible] | प्रकृति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

### ४.३.२ लघु अनुसन्धानको लागि पुरा गर्नु पर्ने शर्तहरु

क) लघु अनुसन्धान कार्य proposal approved भएको मितिबाट सुरु हुनेछ ।

ख) लघु अनुसन्धान समुहगत रुपमा गर्नुपर्नेछ।

ग) यस लघु अनुसन्धान कार्य सम्पादनबाट उपलब्ध तथ्य निष्कर्ष एवम् जानकारी विरगंज नर्सिङ क्याम्पसको सम्पत्ति हुनेछ र विरगंज नर्सिङ क्याम्पसको अनुसन्धान व्यवस्थापनको ईकाई समितिको स्वीकृति विना अन्यत्र प्रकाशन वा प्रयोग ल्याउनु हुने छैन ।

घ) अनुसन्धकर्ताले कुनै प्रकारको लामो विदा उपयोग नगरेको हुनुपर्छ । यदि दिएको विवरण झुटो सावित भएमा अनुसन्धान कार्य बदर गरिन्छ ।

ङ) अध्ययन प्रतिवेदन समितिले उपलब्ध गराएको फरम्याट अनुसार बुझाउनु पर्नेछ ।

च) अध्ययनको अन्तिम प्रतिवेदन अनुसन्धान ईकाई समितिबाट पास गर्नु पर्नेछ ।

छ) अध्ययनको अन्तिम प्रतिवेदन अनुसन्धान व्यवस्थापन समितिबाट पास भई सकेको दिन निजले बुझाउनु पर्नेछ ।

ज) अनुसन्धान प्रतिवेदन पहिलो प्रतिवेदन Loose Binding २ प्रति र त्यसका MS Word soft copy pen drive मा बुझाउनु पर्नेछ ।

झ) लघु अनुसन्धान कर्ताले बुझाएको अन्तिम प्रतिवेदन Birgunj Nursing Campus को website मा Online Upload गर्ने भएकोले र Plagiarism Software मा राखेर check गर्ने भएकोले कुनै किसिमको duplication पाएमा वा अनुसनधान झुटो सावित भएमा अनुसन्धान कार्य बदर गरी असुल उपर कारवाही गरिनेछ ।

क) लघु अनुसन्धानको कार्य निर्धारित समयमा पूरा गर्नु पर्नेछ ।

### ४.३.३ लघु अनुसन्धानको लागि आवेदकहरुको लागि आवश्यक पर्ने योग्यता

क) लघु अनुसन्धान प्रस्तावका लागि आवेदन दिने व्यक्ति यसै क्याम्पसमा कार्यरत शिक्षक वा कर्मचारी हुनु पर्ने र कम्तिमा स्नातकोत्तर तहको द्वितिय श्रेणीमा उत्तिर्ण भएको हुनु पर्नेछ ।

ख) लघु अनुसन्धान प्रस्तावको लागि सूचना प्रकाशित भएपछि अन्तिम छनौट नहुन्जेल त्रि.वि. क्याम्पसबाट लामो विदामा बसेको नहुने ।

ग) एउटा प्रमुख अनुसन्धान कर्ता एउटा मात्रै शोध प्रस्तावमा बसेको हुनु पर्ने ।

घ) शिक्षकहरु कुनै पनि अनुसन्धानमा Principal Investigator भई Grant लिई सकेको अवस्थामा छ भने सो शिक्षक प्रस्तावित अनुसन्धानमा co-investigator मात्र हुनु पर्नेछ ।

### ४.३.४ लघु अनुसन्धान छनौट प्रक्रिया

क) आवेदित प्रस्तावहरुको छनौटको आधार खुला प्रतिस्पर्धाबाट हुनेछ ।

ख) RMC मा प्राप्त प्रस्तावहरुलाई अनुसन्धान प्रस्ताव पेश गर्ने व्यक्तिको कुनै व्यक्तिगत विवरण नखुल्ने गरी कोड राखेर मुल्यांकन समिति जसमा कम्तिमा २ जना विज्ञहरुबाट मुल्याङ्कन गराईनेछ ।

ग) प्रस्तावमा मुल्यांङ्कन कर्ताबाट पूर्णाक ५०% अंक अनिवार्य रुपमा प्राप्त गरेको हुनपर्नेछ

घ) मुल्यांङ्कन प्रयोजनको निम्ति तल उल्लेखित दायरा प्रयोग गरिन्छ ।

-पहिलो प्रस्ताव मुल्याङ्कनको लागि ८०%, मौखिक प्रस्तुतिकरणका लागि २०% ।

-प्रस्ताव स्वीकृत भई RMCले सूचना प्रकाशित गरेर तोकेको मिति भित्र मनोनयनमा सहमति नजाउने शोध प्रस्तावको मनोनयन रद्द गरिनेछ ।

ङ) शोध प्रस्ताव स्वीकृत भएको सूचना जारी गरी शोध प्रस्तावकलाई जानकारी गराउनेछ ।

च) शोध प्रस्ताव स्वीकृत भएपछि निश्चित समय सिमा तोकी लघु अनुसन्धान कार्य सञ्चालनको करारनामा पत्रका लागि मुख्य प्रस्तावकलाई उपस्थित हुनका लागि सूचना प्रकाशित गरिनेछ।

छ) अनुसन्धान व्यवस्थापन ईकाई समितिबाट स्वीकृत पश्चात अनुसन्धान कर्ताले पाउने अनुदान रकम देहाय अनुसार ३ किस्तामा भुक्तानी गरिनेछ ।

- पहिलो किस्ता कुल तोकिएको रकममा ५0%
- दोस्रो किस्ता कुल तोकिएको रकममा ४0%
- तेस्रो किस्ता कुल तोकिएको रकममा २0%

ग) [illegible] अनुसन्धान [illegible] इकाई समितिले निर्णय गरेको कुनै पनि आधारलाई अनुसन्धानकर्ताहरूलाई [illegible] समयमा कार्य समितिले बर्खास्त गर्न सकिनेछ। त्यसरी रद्द भएको अवस्थामा [illegible] रकम अनुसन्धानकर्ताहरूलाई भुक्तानी गरेको रकम बाँकी सम्झौताका रुपमा सम्बन्धित प्रक्रिया अपनाई असुल उपर गरिनेछ ।

घ) स्वीकृत भएको मितिले अनुसन्धान कार्यको समय अवधि ६ महिनाको हुनेछ ।

ङ) तोकिएको समय भित्र अनुसन्धान सम्पन्न हुन नसकेमा अनुसन्धानकर्ताबाट उचित कारण सहित म्याद थप गर्न निवेदन दिनु पर्ने छ ।

च) RMC मा प्राप्त म्याद थप पत्र अध्ययन गर्दा म्याद भित्र सम्पन्न हुन नसकेको कारण मनासिब लागेमा RMC को कार्य समितिले निर्धारण समयावधिको आधा समयावधि पुनः थप गर्न सकनेछ ।

छ) अनुसन्धान व्यवस्थापन इकाई समितिबाट गराइने अनुसन्धान मूलभूत रुपमा अध्ययन अध्यापन विधीमा सघाउ पुर्याउने प्रकृतिको हुन पर्ने छ । यस प्रकारका अनुसन्धानहरुको केन्द्रिय विषयहरु जस्तै: Community Health Nursing, Psychiatric Nursing, Women Health and Development, Child Health Nursing, Adult Health Nursing हुनेछन् ।

## ४.४ अनुसन्धान कार्य सम्बन्धी व्यवस्था

क) सबै अनुसन्धानात्मक लेख, लघु अनुसन्धान प्रतिवेदनहरु विरगंज नर्सिङ्ग क्याम्पसको सम्पत्ति मानिनेछ ।

## ४.५ अनुसन्धानात्मक कार्यको प्रकाशन सम्बन्धी व्यवस्था

क) अनुसन्धान व्यवस्थापन एकाईबाट प्राप्त लेख, प्रतिवेदनहरुलाई प्रकाशर्नाथ क्याम्पस प्रशासनलाई उपलब्ध गराईनेछ ।

ख) Faculty आयामका लेखहरु विरगंज नर्सिङ क्याम्पसको जर्नलमा प्रकाशित गरिनेछ ।

ग) लेख सम्बन्धीको छोटो जानकारी विरगंज नर्सिङ website मा राखिनेछ ।

घ) अनुसन्धान सम्बन्धी Guidelines विरगंज नर्सिङ क्याम्पसको Website मा राखिएको Journal र Publication Menu मा राखिनेछ ।

### ४.६ अनुसन्धान आवहन गर्ने सम्बन्धी व्यवस्था

क) कुनै पनि संघ, संस्था, फर्म तथा कम्पनिहरुको विशेष आग्रहमा क्याम्पसमा कार्यरत कुनै पनि शिक्षकहरुले अनुसन्धान गर्न सक्नेछन् ।

ख) लघु अनुसन्धानका लागि शोध प्रस्तावना तयार पारी RMC मा पेश गर्नु पर्ने छ ।

ग) RMC ले प्राप्त विभिन्न शोध प्रस्तावहरु मध्ये समसामयिक आवश्यकता र औचित्यका आधारमा शिक्षक मध्यबाट चार शिक्षकहरुलाई लघु अनुसन्धान प्रस्ताव, अनुसन्धानार्थ स्वीकृतिको सिफारिश गर्नेछ ।

घ) RMC ले वर्षमा एक पटक मात्र लघु अनुसन्धान प्रस्तावनाको लागि सूचना प्रकाशित गर्नेछ।

### ४.७ बजेट (रकम बाँडफाँड) तथा उत्तरदायित्व

क) अनुसन्धान बजेट क्याम्पसमा सञ्चालित अनुसन्धान कार्यक्रमहरुका व्यस्थापन तथा समृद्धिका लागि गरिनेछ ।

ख) क्याम्पस व्यवस्थापन समितिले अनुसन्धानका निम्ती आवश्यक पर्ने बजेटको व्यवस्थापन गरी दिनु पर्नेछ ।

ग) उक्त बजेट व्यवस्थापनका लागि अनुसन्धान खर्चका लागि Research Fund सञ्चालन गरिनेछ ।

घ) RMC ले अनुसन्धान कार्यहरु उक्त बेजटको आधारमा तय गर्नेछ ।

### ४.८. तालिम, गोष्टि तथा सेमिनार सम्बन्धि ब्यबस्था

क) यस क्याम्पसमा आयोजना हुने सम्पूर्ण तालिम, गोष्ठी, सेमिनार तथा Conference को आयोजना RMC द्वारा गरिनेछ।

ख) परिच्छेद ४ को ४.७ (ग ) research fund प्राप्त भएमा Nurturing Excellence in Higher Education Program (NEHEP) अन्तर्गत अनुसन्धान वा शिक्षकको क्षमता अभिबृधि शीर्षकबाट संचालन गर्न सकिनेछ।

**ग)** तालिम, गोष्ठी, सेमिनार तथा Conference का लागि प्रस्ताव तथा प्रतिबेदन तयार गरेबापात पेश गरिएको प्रस्ताव छनौट पश्चात उक्त प्रस्तावमा कार्यक्रम संचालन गर्नको लागि छुट्टाएको कूल रकम मध्धेबाट १०% रकम प्रस्ताव पेस गर्नेलाई प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ |

**घ)** स्रोत व्यक्तिको पारिश्रमिक भत्ता विश्वविधालय अनुदान आयोगको नियमावली भित्र रही उपलब्ध गराइनेछ |

**ङ)** तालिम, गोष्ठी, सेमिनार तथा Conference संचालन गर्ने सहज कर्ताले आस्यकता अनुसार स्रोत व्यक्ति सरह कार्य गर्नु पर्ने छ उक्त कार्य गरेअनुसार आन्तरिक स्रोत व्यक्तिले सरह पारिश्रमिक उपलब्ध गराइनेछ | साथै कार्यालय सहयोगीलाई सार्बजनिक विदाको दिनमा कार्य गरेवापत उक्त दिनको सट्टा/घर बिदाको ब्यबस्था हुनेछ |

**४.९. लघु अनुसन्धान प्रस्तावकर्ताका लागि आवश्यक कागजातहरुको विवरण**

क) तीन (३) प्रति प्रस्ताव (Proposal)

ख) एक (१) प्रति व्यक्तिगत विवरण

ग) क्याम्पस प्रमुख/कार्यालय प्रमुखको सिफारिश पत्र

**सिफारिश पत्रमा निम्न कुराहरु अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।**

अ. प्रस्तावकले त्यस आ.व. मा विश्वविद्यालय अनुदान आयोग, त्रि.वि. अनुसन्धान केन्द्र र अन्य कुनै निकायको अनुसन्धान अनुदान नलिएको हुनुपर्नेछ।

आ. प्रस्ताव आवहान गरेको मिति देखि कुनै लामो विदा उपभोग नगरेको हुनुपर्नेछ ।

**४.१०. पारिश्रमिकको ब्यबस्था**

क) लघु अनुसन्धानको प्रस्ताव मुल्यांकन गर्ने प्रत्यक विशेषज्ञलाई निम्नानुसार पारिश्रमिक उपलब्ध गराइनेछ:

...रणमा उपस्थित भई मूल्यांकन गरे वापत प्रति प्रतिबेदन रु १५००/-

आ. मौखिक प्रतिबेदन प्रस्तुतीकरणमा उपस्तित भई मूल्यांकन गरे वापत प्रति प्रतिबेदन रु १५००/-

ख) अनुसन्धान परियोजना निमित्त स्वीकृति बजेटबाट नै विशेषज्ञलाई प्रदान गरिने पारिश्रमिक र बैठक भत्ता ब्यबस्थापन गर्नु पर्नेछ ।